# फिदिम नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

फिदिम,पाँचथर
१नं. प्रदेश, नेपाल

फोन नं.: ०२४-५२११०७
(प्रमुख)०२४-५२११०८ (उपप्रमुख)


प.सं.:०७७।०७८
च नः

मिति:२०७७।०४।२

**सूचना। सूचना ।। सूचना।।।**

विषयः ***कार्यसम्पादन मूल्यांकन फारम भर्ने सम्बन्धमा।***

श्री कर्मचारीहरु (सबै)
फिदिम नगरपालिका।

यस फिदिम नगरपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई आ.व. २०७६।७७ को कार्यसम्पादन मूल्यांकन फाराम देहाय अनुसार भरी मिति २०७७।०४।०७ गतेभित्र फिदिम नगरपालिकाको कार्यालयमा दर्ता गरी प्रशासन शाखामा बुझाउनुहुन अनुरोध गरिन्छ। दर्ता म्याद नाघी प्राप्त हुन आएका फारामउपर कुनै कारबाही नहुने व्यहोरा अनुरोध छ।

१. यस नगरपालिकामा समायोजन भएका कर्मचारीहरुको फारमको ढाँचा र विधि साविक बमोजिम निजहरुले भरेको कार्यसम्पादन मूल्याकंनको ढाँचा र फारम नै हुने। (जस्तै: निजामती सेवामा छैटौँ तहमा समायोजन भएका कर्मचारीहरुले साविकको रा.प. अनं प्रथम श्रेणीको फारमको ढाँचा र रंगको कार्यसम्पादन मूल्यांकन फारम भर्ने )
२. नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिम गठन भएका सरकारी सेवाका कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन फारामको ढाँचा र मूल्यांकन विधि साविककै सेवाशर्त र सुविधा सम्बन्धी कानूनी व्यवस्था बमोजिम हुनेछ।
३. स्थानीय स्वायत्त शासन ऐन,विकास समिति ऐन बमोजिम नियुक्त भई यस नगरपालिकामा समायोजन भएका कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन फारामको ढाँचा र मूल्यांकन विधि साविककै सेवाशर्त र सुविधा सम्बन्धी कानूनी व्यवस्था बमोजिम हुनेछ।

.................................
अम्बिका प्रसाद अधिकारी
(प्रमुख प्रशासकीय अधिकृत)

***बोधार्थ***

श्री सूचना प्रविधि शाखा: फिदिम नगरपालिकाको वेभसाईटमा सूचना राखिदिनुहुन।
श्री स्वास्थ्य शाखा: सबै स्वास्थ्य चौकीका इन्चार्जहरुलाई टेलिफ़ोन सम्पर्क गरी जानकारी गराउनुहुन।


फोन नं. ०२४-५२०१०७, ०२४-५२११०८, फ्याक्सः ०२५-५२१००८
ईमेलः phidim.municipality@gmail.com, वेबसाईटःhttp:phidimmun.gov.np